मिति २०७९/१०/१९

श्री विद्युत विकास विभाग,
सानो गौचरण, काठमाडौं, नेपाल ।

विषय : छुजुङ्गखोला जलविद्युत आयोजना बारे ।

महाशय,
तहाँको मिति २०७९/१०/१२ को पत्र प्राप्त भइ हामी काठमाडौंमा बसोवास गर्दै आएका सम्पूर्ण सम्बद्ध संखुवासभा जिल्ला भोटखोला गाउँपालिका वडा नं.२ च्याम्ताङ्गवासीले सो पत्र अध्ययन गरी तपसिलका निष्कर्ष निकालेको हुँदा सोको यथार्थ व्यहोरा विभागको जानकारीका लागि प्रस्तुत गरेका छौं । तहाँ विधुत विकास विभागले निवेदक सांग्रिला उर्जा प्रा.लि. लाई विधुत उत्पादन गर्न अनुमती पत्र जारी गर्न लिइएको सम्पूर्ण जिकिरहरु तपसिलमा उल्लेख गरे झैं अवैध रहेको जानकारी गराउदै कानुनी शासनको सम्मान गर्न आफ्नो अख्यितारको दुरुपयोग गरी निज कम्पनीलाई विधुत उत्पादनको अनुमतीपत्र जारी नगर्न पुनः गम्भिर ध्यानाकार्षण गराइन्छ ।

## तपसिल

### (१) २ नं वडा कार्यालयको राय सुझाव सहितको सिफारिस अवैध रहेको सम्वन्धमाः

(क) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १२ मा वडा समितिको काम, कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था गरिएको छ । संघीय स्तरीय आयोजना र परियोजनाको संचालनको लागि वडा कार्यालयले प्रत्यक्ष रुपमै सिफारिस गर्न पाउने अधिकार ऐ.ऐ. को उक्त दफा, अन्य प्रचलित कानुन तथा भोटखोला गाउंपालिकाको कार्यपालिकाले समेत २ नं वडा कार्यालयलाई प्रत्यायोजन नगरेको अवस्थामा मिति २०७८।१२।३० च.नं ५९० र मिति २०७९।९।१२च.नं.३४३ को सो कार्यालयको राय सुझाव सहितको सिफारिस बदर भागी ठहरिने देखिन्छ ।

ऐ.ऐ.को दफा ११ बमोजिम विधुत आयोजना सम्वन्धी निर्णय गर्ने तथा संघीय र प्रदेशस्तरीय आयोजना र परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने अधिकार गाउंपालिकामा मात्र निहित छ, वडा कार्यालयमा छैन ।

साथै, २ नं वडा कार्यालयको उक्त पत्रहरुको सम्वन्धमा भ्रष्टचार निवारण ऐन, २०५९ को दफा १५ मा भएको व्यवस्था *"कुनै राष्ट्रसेवक वा अन्य कुनै व्यक्तिले आफूले नपाएको ओहदा, अधिकार, हैसियत वा सुविधा पाएँ भनी प्रयोग गरेमा निजलाई कसुरको मात्रा अनुसार एक वर्षदेखि दुई वर्षसम्म कैद र पचास हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म जरिबाना हुने"*प्रावधान समेत आकर्षित हुने देखिन्छ ।

(ख) संविधानको धारा ५७(४) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(६)(७) द्वारा गाउंपालिकालाई प्रद्धत्त अधिकार प्रयोग गरी मिति २०७७।७।२२ मा बसेको भोटखोला गाउंपालिकाको गाउंसभाले स्वयम् २ नं वडाध्यक्षको उपस्थिति र सहमतिमा **"स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्वन्धी ऐन, २०७७"** तथा सोको कार्यविधि **"लुङवसाम्व भूपरिधि जैविक सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन तथा संचालन कार्यविधि २०७७"** पारित गरेको छ । ऐ.ऐ. कार्यविधिको नियम ५(ठ) मा स्पष्ट रुपमा **"कुनै पनि प्रयोजनको लागि खोला वा नदीलाई फर्काउन वा मोड्न"** निषेध गरेको छ । साथै, ऐ.ऐ. कार्यविधिको नियम ५(ञ) मा स्पष्ट रुपमै **"स्थानीय धर्म, संस्कृति, परम्परालाई असर पर्ने खालका भौतिक संरचनाहरु निर्माण गर्न"** समेत निषेध गरेको छ । तसर्थ, नदीलाई मोडाई परियोजना संचालन गरिने र स्थानीय आदिबासी जनजातिको धर्म, संस्कृति, परम्परालाई गम्भिर असर पर्ने खालका भौतिक संरचनाहरु निर्माण गर्न दिने आशयको २ नं वडा कार्यालयद्धारा जारी मिति २०७८।१२।३० च.नं ५९० र मिति २०७९।९।१२ च.नं. ३४३ को राय सुझाव सहितको उक्त सिफारिस पत्र आफ्नै गाउंसभाले पारित गरेको स्थानीय कानुनसंग बाझिएको कारण बदर भागी ठहरिने देखिन्छ ।

**तसर्थ, यसरी कानुनी रुपमै अवैध २ नं वडा कार्यालयको सिफारिस पत्रको जिकिर लिई तहाँ विधुत विकास विभागले निवेदक कम्पनीलाई विधुत उत्पादनको अनुमतीपत्र जारी गर्नु समेत प्रचलित कानुनको गम्भिर उल्लंघन र कानुनी शासनको उपहास हुने देखिन्छ ।**

**(२) मिति २०७८।१२।३० को भोटखोला कार्यपालिकाको राय सुझाव सहितको सिफारिस अवैध रहेको सम्वन्धमा:**

संविधानको धारा ५७(४) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(६)(७) द्वारा गाउंपालिकालाई प्रद्धत्त अधिकार प्रयोग गरी मिति २०७७।७।१२ मा बसेको भोटखोला गाउंपालिकाको गाउंसभाले **"स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्वन्धी ऐन, २०७७"** तथा सोको कार्यविधि **"लुङवसाम्व भूपरिधि जैविक सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन तथा संचालन कार्यविधि २०७७"** पारित गरेको छ । ऐ.ऐ. कार्यविधिको नियम ५(ठ) मा स्पष्ट रुपमा **"कुनै पनि प्रयोजनको लागि खोला वा नदीलाई फर्काउन वा मोड्न"** निषेध गरेको छ । साथै, ऐ.ऐ. कार्यविधिको नियम ५(ञ) मा स्पष्ट रुपमै **"स्थानीय धर्म, संस्कृति, परम्परालाई असर पर्ने खालका भौतिक संरचनाहरु निर्माण गर्न"** समेत निषेध गरेको छ । तसर्थ, नदीलाई मोडाई परियोजना संचालन गरिने र स्थानीय आदिबासी जनजातिको धर्म, संस्कृति, परम्परालाई गम्भिर असर पर्ने खालका भौतिक संरचनाहरु निर्माण गर्न दिने आशयको भोटखोला गाउंपालिकाद्धारा जारी मिति २०७८।१२।३० च.नं ५०१ को राय सुझाव सहितको उक्त सिफारिस पत्र आफ्नै गाउंसभाले पारित गरेको स्थानीय कानुनसंग बाझिएको कारण बदर भागी ठहरिने देखिन्छ ।

**तसर्थ, यसरी कानुनी रुपमै अवैध भोटखोला गाउंपालिकाद्धारा जारी मिति २०७८।१२।३० च.नं ५०१ को सिफारिस पत्रको जिकिर लिई तहाँ विधुत विकास विभागले निवेदक कम्पनीलाई विधुत उत्पादनको**

**अनुमतीपत्र जारी गर्नु समेत प्रचलित कानुनको गम्भिर उल्लंघन र कानुनी शासनको उपहास हुने देखिन्छ ।**

**(३) आयोजना कार्यान्वयन गरी दिने आशयको स्थानीय अवैध निवेदनको सम्वन्धमाः**

भोटखोला गाउंपालिकाको गाउंसभाले **"स्थानीय वातावरण संरक्षण तथा पर्यापर्यटन सम्वन्धी ऐन, २०७७"** तथा सोको कार्यविधि **"लुङवसाम्व भूपरिधि जैविक सांस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन तथा संचालन कार्यविधि २०७७"** पारित गरी सकेको अवस्थामा उक्त ऐन तथा कार्यविधिसं बाभिने गरी पेश भएको स्थानीयको निवदन अवैध छ ।

तसर्थ, उक्त स्थानीयको अवैध निवेदनको जिकिर लिई भावुक भएर तहाँ विधुत विकास विभागले निवेदक कम्पनीलाई विधुत उत्पादनको अनुमतीपत्र जारी गर्नु समेत प्रचलित कानुनको गम्भिर उल्लंघन र कानुनी शासनको उपहास हुने देखिन्छ ।

**(४) सार्वजनिक सुनुवाई कार्यक्रम अवैध रहेको सम्वन्धमाः**

निवेदक कम्पनीले आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा अधिकांश उपस्थित स्थानीय बासिन्दाको परियोजना संचालन दिन असहमत थिए । तथापि सो असहमतिको सम्वन्धमा सोको माइन्यूटमा लुकाई छिपाई कुनै असहमति व्यहोरा उल्लेख गरिएको छैन । परियोजना संचालनको लागि विधुत विकास विभाग र वन तथा वातावरण मन्त्रालयलाई भुक्यानमा पार्न सकारात्मक निर्णय मात्र उल्लिखित छन ।

सार्वजनिक सुनुवाई कार्यक्रमको माइन्यूटमा दस्तखत गर्ने स्थानीय व्यक्तिहरु अफै पनि परियोजनाको विरोधमा नै रहेका छन र अधिकांश दस्तखतहरु त सार्वजनिक सुनुवाई कार्यक्रममा स्थलगत रुपमा उपस्थित समेत नभएका स्थानीय बासिन्दाको दस्तखत किर्ते गरी लिइएको छ । उक्त माइन्यूटमा स्थानीय बासिन्दाको तर्फबाट कुनै प्रतिनिधि मूलक दस्तखत गराइएको छैन, बरु निवेदक कम्पनी आफैले एकलौटी रुपमा आफ्नो पक्षमा मात्रै निर्णय लेखिएको छ ।

**तसर्थ, उक्त अवैध सार्वजनिक सुनुवाईको जिकिर लिई तहाँ विधुत विकास विभागले निवेदक कम्पनीलाई विधुत उत्पादनको अनुमतीपत्र जारी गर्नु प्रचलित कानुनको गम्भिर उल्लंघन र कानुनी शासनको उपहास हुने देखिन्छ ।**

**(५) आदिबासी जनजातिको लागि रोजगारीको मौलिक हक भन्दा सांस्कृतिक हक सर्वोच्च रहेको सम्वन्धमाः**

निवेदक कम्पनीले संचालन गर्ने परियोजनामा स्थानीय बासिन्दाले रोजगरी पाउने र रोजगारीको मौलिक हक अभ्यास गर्न पाउने सतही जिकीर गरेको पाइयो । नेपालको संविधानको धारा ३२(३) मा धर्म तथा संस्कृतिको हक अन्तरगत "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्धन र संरक्षण गर्ने हक हुने" मौलिक अधिकारको प्रत्याभूति समेत गरेको छ । हामी आदिबासी जनजाति आफ्नो धर्म संस्कृति संरक्षणको लागि ज्यानको समेत आहुती दिन सदैव तयार छौ । तसर्थ, आफ्नो आमा तुल्य सनातन धर्म संस्कृतिलाई रोजगारीको पैसामा बिक्री गर्न किमार्थ सहमत छैनौ ।

**तसर्थ, उक्त रोजागरीको मौलिक हकको तुच्छ जिकिर लिई धर्म तथा संस्कृतिको हक जस्तो सबै भन्दा महत्वपूर्ण मौलिक हकलाई वेवास्ता गरी तहाँ विधुत विकास विभागले निवेदक कम्पनीलाई विधुत उत्पादनको अनुमतीपत्र जारी गर्नु संविधानको गम्भिर उल्लंघन र कानुनी शासनको उपहास हुने देखिन्छ ।**

**(६) विविधः**

(क) हामी च्याम्ताङ्गनिवासीहरु आजसम्म स्थानीय प्रकृति र सो भूगोलमा आश्रय लिने सम्पूर्ण वन्य जीवजन्तु, पशुपञ्छी लगायत पर्यावरणको समेत पूजा र संरक्षण गर्दै हाम्रो सम्पूर्ण जीवन-चक्रलाई प्रकृतिसँग जोडेर जीवन यापन गर्दै आएको, यस्ता जीवजन्तु, पशुपञ्छी तथा पर्यावरणको पूजा र संरक्षण हाम्रो अविच्छिन्न संस्कृति बन्दै आएको यहाँ पुनः स्मरण गराउन चाहन्छौं ।

(ख) खोलानाला, वनपाखा, पहाडपर्वत हाम्रा पूज्य धरोहर भएकाले हामी, हाम्रा पूर्वज र हाम्रा सन्ततिको समेत आस्थाका धरोहर भएकाले हाम्रा आस्थाका धरोहरलाई कसैले गिजोलेमा, विभिन्न तरिकाबाट हानी नोक्सानी वा स्वरुप परिवर्तनको कार्य गरेमा हामी र हाम्रो आस्थामाथि नै गम्भीर आक्रमण महसुस हुने भएको हामी पुनः जानकारी गराउँदछौं ।

(ग) विभिन्न हथकण्डा अपनाई केही स्थानीय र बाह्य स्वार्थपूर्तिको अवसरको खोजीमा रहेका व्यक्तिहरुलाई हातमा लिई आम जनताको सम्मतिको नौटङ्की मञ्चन गरेर साङ्ग्रीला उर्जा प्रा.लि.को माग अनुसार विद्युत उत्पादनको अनुमतिपत्र जारी हुनु घातक तथा जनविरोधी कार्य हुने व्यहोरा पनि पुनः स्मरण गराउन चाहन्छौं ।

(घ) हामीले पटक पटक लिखित तथा मौखिक रुपमा विद्युत विकास विभाग लगायत सम्बद्ध निकाय, पदाधिकारीहरुलाई साङ्ग्रीला उर्जा प्रा.लि.ले हडप्न चाहेको हाम्रो आस्थाको धरोहर छुजुङ् खोलामा विद्युत उत्पादन गर्ने कुरामा हाम्रो प्रष्ट विमति रहेको हुँदा माथि उल्लेखित पत्रबाट सोधनी भए अनुसार विद्युत उत्पादनको अनुमतिपत्र जारी नगर्न अनुरोधसहित हामी विभागलाई कडा रुपमा सचेत गराउन चाहन्छौं ।

(ङ) साङ्ग्रीला उर्जा प्रा.लि. तथा विद्युत विकास विभागको मनोमानी र हेपाहा प्रवृत्ति, जनताको आस्था माथिको प्रहारलाई ध्यानमा राखेर हामी च्याम्ताङ्ग निवासी आम जनता निकट भविष्यमा नै विभाग र सम्बद्ध सबैलाई जानकारी गराई विरोधका कार्यक्रम निर्धारण र कार्यान्वयन गर्दै जाने निर्णयमा पुगेकाले सो व्यहोरा समेत अवगत गराउन चाहन्छौं ।

धन्यवाद !